बारा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश प्रकाशकुमार अधिकारी

आदेश पर्चा

सम्वत २०८३ सालको ०८३-C1-०१३९

मुद्दाः- अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी तथा कर्तव्य ज्यान ।

नेपाल सरकार.........................................................................................१ बादी

बिरुद्ध

प्रोग्रेश चौधरी भन्ने पुरग्रेश चौधरी.स.के.त.........................................................१ प्रतिवादी

प्रस्तुत मुद्दामा अभियोगपत्र साथ उपस्थित गराइएका इन्द्रजीत चौधरी, प्रोग्रेश चौधरी, बबिता चौधरी, ममता चौधरी, पुष्पा चौधरी, नविन वि.क., टेक बहादुर थापा मगर, शेष हस्मुदिन आलम भन्ने शेष हस्मुदिन, सविता चौधरी, बिन्दु चौधरी भन्ने बिन्दु देवी चौधरीको बयान कार्य सम्पन भई वादी नेपाल सरकारको तर्फबाट जिल्ला न्यायाधिवक्ता शम्भु कुमार बस्नेतले र प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वैतनिक वकिल, अधिवक्ता दिनेश महतो धानुक र विद्वान अधिवक्ताहरु श्री प्रेमलाल चौधरी र तोयनाथ पौडेलले तर्कपुर्ण बहस गर्नुभयो।

प्रतिवादीहरु मध्ये प्रोग्रेश चौधरी, निजको बुवा ईन्द्र चौधरी, आमा बबिता चौधरी,दिदि ममता चौधरी र श्रीमती पुष्पा चौधरीले प्रस्तुत वारदातमा मतियारको भूमिका निर्वाह गरी मुलुकी अपराध संहिता,२०७४ दफा ३६(१)र (२) बमोजिम कानूनको बिवादमा परेका परिवर्तित नाम ३३ जिल्ला बस्ने कलम (क) ०८३/०८४ र परिवर्तित नाम ३३ जिल्ला बस्ने नरवस्ती (क) ०८३/०८४ ले मृतकलाई अपहरण र शरिरबन्धक बनाई मुलुकी अपराध संहिता,२०७४ को दफा २११ (१)(२) र दफा २१२ (१)(२) बमोजिमको कसूरमा ऐ संहिताको दफा २१३ तथा ऐ संहिताको दफा २१४(१)(२) बमोजिम सजाय हुन तथा सामूहिक जवरजस्ती करणी गरे तर्फ निजहरुलाई ऐ संहिताको दफा २१९(१)(२) र (७) बमोजिमको कसूरमा ऐ संहिताको दफा २१९ (३)(क) बमोजिम सजाय गरी ऐ को दफा २१९(७) थप सजाय हुन र ऐ संहिताको दफा २१९(३क) (क) बमोजिम जरिवाना हुन तथा जवरजस्ती करणी गरी ज्यान मारे तर्फ निजहरुलाई ऐ संहिताको दफा ४१(च) र ऐ संहिताको दफा १७७(१) बमोजिमको कसूरमा ऐ संहिताको दफा १७७(२) बमोजिम तथा ऐ संहितको दपा ४१ बमोजिम हुने सजाय समेतको मतियार रहेको देखिदा निज प्रतिवादीहरु प्रोग्रेश चौधरी, निजको बुवा ईन्द्र चौधरी, आमा बबिता चौधरी,दिदि ममता चौधरी र श्रीमती पुष्पा चौधरीलाई उपरोक्त सजायमा ऐ संहिताको दफा ३६(३)(ख) बमोजिम सजाय गरी

पाउँ भनी र प्रतिवादीहरु नविन वि.क.,टेक बहादुर थापा मगर,शेष हस्मुदिन आलम भन्ने शेष हस्मुदिन, सविता चौधरी, बिन्दु चौधरी भन्ने बिन्दु देवी चौधरी तथा राजेन्द्र चौधरीले कसूर वारदातको बारेमा थाहा पाई कोही कसैलाई कुनै जानकारी नगराई कसूरको प्रमाण दवाउने जस्ता कार्य गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ९३ (१) बमोजिमको कसूर गरेको देखिदा उक्त कसूरमा निजहरुलाई ऐ संहिताको दफा ९३(२) बमोजिम सजाय हुन मागदावी लिई अभियोगपत्र दायर भएको पाइयो।

सर्वप्रथम प्रतिवादीहरु मध्ये प्रोग्रेश चौधरी हकमा के कसरी मुद्दाको पुर्पक्ष गर्ने सन्दर्भमा विचार गर्दा निजहरु यस अदालतमा र मौकामा अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा आफूले जाहेरवालाको छोरी परिवर्तित नाम ३३ जिल्ला बस्ने गमला (क) ०८३/०८४ लाई अपहरण गरी शरीर बन्धक लिई कर्तव्य गरी मारेको होइन। उक्त घटनामा आफ्नो कुनै संलग्ना नरहेको भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिएपनि जाहेरवालाले मिति २०८३/०४/३१ गते विहान अं.०८.०० बजे मेरो छोरी वर्ष ३ की परिवर्तित नाम ३३ जिल्ला बस्ने गमला (क) ०८३/०८४ घरबाट निस्की नजिकैको प्रोग्रेश भन्ने पुरग्रेस चौधरीको घरमा खेल्न गएको अवस्थामा हराएकी र खोजतलास गर्दै जादाँ मिति २०८३।०५।०२। गते दिउसो १७.४५ बजेको समयमा जिल्ला बारा जितपुरसिमरा उ.म.न.पा.वडा नं.१ भक्तिनगर टोलस्थित बिरबहादुर रोक्काको खाली घरभित्र मृत अवस्थामा फेला परेकी र निजलाई कानूनको विवादमा परेको बालक परिवर्तित नाम३३ जिल्ला बस्ने नरवस्ती (क) ०८३/०८४ र प्रोगेश चौधरीले उक्त स्थानमा लगि जवरजस्ती करणी गरी क्रुर यातना दिई कर्तव्य गरी मारेको भन्ने मिति २०८३/०५/०२ गतेको पहिलो तथा निज प्रतिवादीहरु लगायत अन्य प्रतिवादीहरू ईन्द्रजित चौधरी, ममता चौधरी, पुष्पा चौधरी, नविन वि.क., बविता चौधरी, बिन्दु चौधरी, सविता चौधरी, राजेन्द्र चौधरी, शेख हस्मुदिन आलम र टेक बहादुरथापा मगर समेत जना १० को मिलोमतोमा मेरो छोरीलाई अपहरण गरी,शरिर बन्धक बनाई जवरजस्ती करणी गरी ज्यान मारेको हो भनी यी प्रतिवादीहरु समेतलाई पोल गरी जाहेरी दिएको, जाहेरवालाको उक्त पूरक जाहेरी व्यहोरालाई समर्थन हुने गरी मौकामा बुझिएका निर्मला न्यौपाने, हिरा कुमारी मिश्र, फुर्प गोले, निर्मला देवी चौधरी, पवित्रा माया लोप्चन थिङ र किरण अधिकारी समेतले मौकामा कागज गर्दा, प्रतिवादी पुरग्रेस चौधरीले आफ्नो घरमा विजुलीको बती बाल्न जाहेरवालाको छोरीको लास बरामद भएको विर बहादुर रोक्काको घरबाट नै लाईन तानी लगेको, निजहरुले बालिकालाई खोज तलास गर्न आवश्यक सहयोग समेत नगरेकोले यी प्रतिवादीहरु समेतको मिलोमतोमा परिवर्तित नाम ३३ जिल्ला बस्ने नरबस्ती (क) ०८३/०८४ ले जाहेरवालाको छोरीलाई अपहरण शैलीमा लगी शरीर बन्धक बनाई क्रुर एवं अमानवीय तरिकाले जबरजस्ती करणी गरी कर्तव्य गरी मारेको हो भनी घटनाविवरण कागज गरिदिएको, जाहेरवालाको

छोरीको लास बरामद भएको घरको घरधनीको बुहारी टिका कुमारी शाहीले समेत मेरो घरको मिटरबाट प्रतिवादी पुरग्रेस चौधरीले आफ्नो घरमा विद्युतीय लाइन लिई गएको र उक्त घरमा निज पुरग्रेस चौधरी र कानूनको विवादमा परेको बालक नरबस्ती (क) ०८३/०८४ नै बेला बखतमा लाईन बनाउन आउने जाने गरेको भनी कागज गरी निज जाहेरवालाको नाबालिका छोरीलाई परिवर्तित नाम ३३ जिल्ला बस्ने नरवस्ती (क) ०८३/०८४ समेतले उक्त खाली घरमा लगी जवरजस्ती करणी गरी हत्या गरेको सुनी थाहा पाएको हो भनी कागज गरिदिएको तथा स्वयं प्रतिवादीले पनि यस अदालतमा बयान गर्दा उक्त घरबाट हामीहरुले विद्युतीय लाइन लिई गएको भनी स्वीकार गरेको देखिदा निजहरु उपरको किटानी जाहेरी, मौकामा बुझिएका निर्मला न्यौपाने, हिरा कुमारी मिश्र, फुर्प गोले, निर्मला देवी चौधरी, पवित्रा माया लोप्चन थिङ र किरण अधिकारीले गरिदिएको घटनाविवरण कागज, लास बरामद भएको घरको घरधनीको बुहारी टिका कुमारी शाहीले गरिदिएको कागज समेतका तत्काल प्राप्त प्रमाणको रोहमा यी प्रतिवादी पुरग्रेस चौधरी कसूरमा संलग्नाता होइन भनी भन्न सकिने अवस्थाको विद्यमानता नदेखिदा प्रतिवादीहरु उपर वादी नेपाल सरकारले लिएको अभियोगदावी, मौकामा संकलित प्रमाणका आधारमा थुनछेक आदेश गर्नुपर्ने प्रमाण ऐन, २०३१ को दफा १८ को प्रावधान समेतलाई मध्यनजर गरी पछि मुद्दामा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी प्रोग्रेश चौधरी भन्ने पुरग्रेश चौधरीको हकमा निजसँग मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रु. २०,०००/-(बिस हजार) नगद धरौट वा सो बराबरको जमानत वा असिमित बैङ्क जमानत माग गरी दिए लिई मुद्दा पुर्पक्षको लागि तारिखमा राखु, माग अनुसारको धरौटी दिन नसके कानून बमोजिमको सुविधा पाउने गरी थुनामा राख्न कानून बमोजिमको थुनुवा पूर्जी दिई कारागार कार्यालय वीरगंज, पर्सामा पठाईदिनू ।

अन्य प्रतिवादीहरु ईन्द्रजित चौधरी, बविता चौधरी, ममता चौधरी र पुष्पा चौधरी नविन वि.क.,टेक बहादुर थापा मगर, शेष हस्मुदिन आलम भन्ने शेष हस्मुदिन,सविता चौधरी र बिन्दु चौधरी भन्ने बिन्दु देवी चौधरी आरोपित कसूरमा इन्कार रही मौकामा र यस अदालतमा बयान. गरेको देखिएपनि निजहरु समेतको मिलोमतोमा मेरो छोरीलाई अपहरण गरी, शरिर बन्धक बनाई जवरजस्ती करणी गरी ज्यान मारेको हो भनी यी प्रतिवादीहरु समेतलाई किटान गरी जाहेरी दिएको, तथापी मौकामा बुझिएका निर्मला न्यौपाने, हिरा कुमारी मिश्र,फुर्प गोले, निर्मला देवी चौधरी,पवित्रा माया लोप्चन थिङ र किरण अधिकारी समेतले मौकामा गरिदिएको घटनाविवरण कागजबाट अहिले नै यी प्रतिवादीहरु आरोपित कसूरको कसूरदार हुन् भनी मान्न मिल्ने अवस्था नभएको, यी प्रतिवादीहरुले के कति श्रोत साधन मुख्य कसूरदारलाई उपलब्ध गराएर कसूर घटाउन सहयोग पुर्याय वा प्रमाण लोप गरे, तथ्य र प्रमाण मिसिलमा रहेको देखिएन। दावी वारदात सम्बन्धमा मिति

२०८३/०५/२४ गते दायर भएको मु.नं. ०८३-C1-०१३५ मुद्दाको कारवाहीमा रहेको मिसिलमा रहेका तथ्य र प्रमाण समेतले यी प्रतिवादीहरु उपर वादी नेपाल सरकारले लिएको अभियोगदावी र अभियोगदावी पुष्टि गर्न प्रमाण मिसिल सामेल नरहेकोले प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुलाई थुनामा वा धरौट लिई पुर्पक्ष गर्नुपर्ने सम्मको तत्काल प्राप्त प्रमाण मिसिलमा सामेल नहुँदा वा नगर्दा निज प्रतिवादिहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ६९ बमोजिम तारेखमा राखी पुर्पक्ष गर्न ऐ. संहिताको दफा ७९ बमोजिम यो आदेश गरिदिएँ ।

प्रस्तुत मुद्दामा फरार रहेका प्रतिवादीको नाउँमा कानून बमोजिमको म्याद जारी गरी नियमानुसार गरी पेश गर्नू।

न्यायाधीश

आदेश सुनी सही गर्ने कानूनको विवादमा परेका बालकहरुः-

ईन्द्रजित चौधरी

प्रोग्रेश चौधरी भन्ने पुरग्रेश चौधरी

बबिता चौधरी, ममता चौधरी

पुष्पा चौधरी नविन वि.क. टेक बहादुर थापा मगर

शेष हस्मुदिन आलम भन्ने शेष हस्मुदिन

सविता चौधरी बिन्दु चौधरी भन्ने बिन्दु देवी चौधरी

इति सम्वत् २०८३ साल भाद्र महिना २५ गते बिहीबार शुभम्.................................।